नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ४००

मितिः- २०७९/१२/२८

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ३६९(Pcs) मिति २०७९/१२/२७ को पत्र र सो पत्रसाथ प्राप्त स्वास्थ्य सेवा विभाग को च.नं. ७२४ मिति २०७९/१२/२६ को पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

आयुषी भट्टराई
शाखा अधिकृत

बोधार्थ:

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गराइदिनुहुन।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य समन्वय महाशाखा

पत्र संख्याः २०७९।८०
च.नं.: ३६९ (PCS)


४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

रामशाहपथ
काठमाडौं, नेपाल


मितिः २०७९/१२/२७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः पत्राचार सम्बन्धमा।

प्रत्येक वर्ष April 24-30 मा मनाईने Immunization Week (खोप सप्ताह) यस वर्ष "Big Catch Up" नाराका साथ मनाउन गइरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ। सो सन्दर्भमा नेपलमा बैशाख महिनालाई पूर्ण खोप सुनिश्चितता र प्रमाणीकरण महिनाको रुपमा मनाउन कार्यक्रम संचालनको लागि निर्देशिका समेत जारी गरि सो को लागि सबै स्थानीय तह र जिल्लाहरुमा क्रियाकलाप तथा बजेट विनियोजन भएको छ।

सो सन्दर्भमा स्वास्थ्य सेवा विभागको मिति २०७९/१२/२६ (च.नं ७२४) को पत्र मार्फत अनुरोध भए बमोजिमको क्रियाकलापहरु संचालन गरि खोप महिना सफलतापुर्वक सम्पन्न गर्न सबै स्थानीय तहहरुसंग पत्राचार तथा आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन अनुरोध छ। परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभागबाट प्राप्त पत्र यसै साथ संलग्न रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

.......................
सौगात सम्बाहाङफे
शाखा अधिकृत

बोधार्थ
श्री स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, टेकु, काठमाडौं।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. ५३६२२७३
Web Site: www.fwd.gov.np
Email Address: fwdnip2035@gmail.com

टेकु, काठमाडौं, नेपाल

प.सं. २०७९ /०८० च.नं. ६९८

मिति: २०७९।१२ ।२६

श्री स्वास्थ्य समन्वय महाशाखा
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं ।

विषयः समन्वय सम्बन्धमा ।

प्रस्तुत सम्वन्धमा प्रत्यक वर्ष April 24-30 मा विभिन्न कार्यक्रम गरि विश्वाव्यापी रूपमा Immunization week (खोप सप्ताह) मनाईने गरिएकोमा यस वर्ष पनि Big catch up भन्ने नाराका साथ ऊक्त अवधिमा खोप सप्ताह मनाईने साथै नेपालमा बैशाख महिनालाई पूर्ण खोप सुनिश्चितता र प्रमाणीकरण महिनाको रूपमा कार्यक्रम संचालनको लागि निर्देशिका समेत जारी गरि सो को लागि सबै स्थानीय तह र जिल्लाहरुमा क्रियाकलाप र बजेट समेत बिनियोजन भएको छ ।

हाल विभिन्न जिल्लाहरुमा खोप छुट बच्चाको संख्या बढ्दै गई दादुरा रूबेलाको महामारी समेत देखापरिरहेकोले आगामी बैशाख महिना भर तपशिलका क्रियाकलापहरु सबै स्थानीय तह र वडा स्तरमा ब्यापक र प्रभावकारी रूपमा संचालन गरि खोप महिनाको रूपमा मनाई पूर्ण खोप सुनिश्चितता गर्न गराउन संघिय मामिला एवं सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा जानकारी र समन्वयको लागि पत्राचार गरिदिनको लागि संघिय मामिला एवं सामान्य प्रशासन मन्त्रालयमा समन्वय गरिदिनु हुन अनुरोध छ ।

तपशिल

सबै स्थानीय तह , वडा र स्वास्थ्य संस्था हरु बाट

१. खोप छुट बच्चाको पहिचान गर्न आगामी बैशाख ६ र ७ गते भिटामीन ए खुवाउदा स्वयं सेविका मार्फत १५ महिना देखि ५९ महिना सम्मको बालबालिकाले १५ महिनामा दादुरा रूबेला खोप लिएको/नलिएको, १५ महिना मुनिका बालबालिका हरुले खोप लिईरहेको छ /छैन सोधेर रजिस्टरमा लिएको भए ठिक र नालियाको भए बेठिक (√/x) चिन्ह अभिलेख गर्न लगाउने । यदि भिटामिन ए को पहिलेकै पुरानो रजिस्टर भएमा प्रत्यक बच्चाको नाम लेखेको महलको अन्तिम खाली ठाउमा चिन्ह लगाउने । यो कार्यको लागि स्वास्थ्य संस्था/स्वास्थ्य कर्मीले भिटामिन ए वितरणको समयमा स्वयंसेविकाहरुलाई अभिमुखीकरण गर्ने ।
२. भिटामिन ए खुवाई सकेर रजिस्टर स्वास्थ्य संस्थामा ल्याई रजिस्टर बाट खोप छुट बच्चाको सूची तयार गरि बच्चालाई खोजेर खोप पूरा गराउने साथै नियमित खोप रजिस्टरमा विवरण अध्यावधिक गरि खोप दिएको विवरण DHIS 2 मा प्रतिवेदन समेत गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. ५३६२२७३
Web Site: www.fwd.gov.np
Email Address: fwdnip2035@gmail.com

टेकु, काठमाडौं, नेपाल

प.सं. २०७९/०८०  च.नं.

३. बैशाखको पहिलो हप्ता देखिनै विभिन्न माध्यम (बिधालय कक्षा संचालन, बिधालयमा पत्राचार, अन्य संघ संस्थाहरुमा पत्राचार, स्वयंसेविका, जनप्रतिनिधि, युवाक्लवहरुको परिचालन ) बाट १५ महिना सम्म लगाउनु पर्ने पूर्णखोपको जानकारी र खोप छुट बच्चाको पहिचान गर्न व्यापक क्रियाकलापहरु संचालन गर्न गराउनु हुन ।

४. आगामी बैशाख १५ र ३१ गते २ दिन नियमित खोप संचालन गर्ने सबै स्वास्थ्य संस्थामा खोप छुट बच्चाको लागि खोप दिन खोप सेवा संचालन गर्ने व्यवस्था गर्ने र सो को लागि स्थानीय तह बाट आवश्यक खोप र खोप सामाग्रीको योजना बनाई स्वास्थ्य कार्यालयमा समन्वय गर्नुहुन । बच्चा निरन्तर छुट्ने बिशेष स्थान (ईटा भट्टा, कलकारखाना, बिशेष समुदायआदि) हरुमा बिशेष कार्यक्रम संचालन गर्न हुन ।

५. आगामी बैशाख मसान्त भित्र सबै वडा, स्वास्थ्य संस्थाले राष्ट्रिय पूर्ण खोप निर्देशिका अनुसार घरधुरी सर्वेक्षण, पालिका वडा खोप समन्वय समितिको बैठक लगायतका क्रियाकलाप गरि सबै वडा र स्थानीय तह पूर्णखोप सुनिश्चित भएको प्रामाणिकरण गर्न गराउनु हुन ।

६. आगामी शैक्षिक सत्रमा बिधालयमा नया भर्ना हुने ५ वर्ष मुनिका सवै बालवालिकाहरुको लागि खोप कार्ड अनुगमन गर्न सवै बिधालय हरुलाई जानकारी एवं समन्वय गर्न हुन

७. स्थानीयतह स्तरमा बालबालिकाले पाउने विभिन्न सेवा सुबिधा (पोषण आहार, नगद आदि) वितरणमा खोप कार्ड अनिवार्य गराउनु हुन ।

८. यसरी छुट बच्चाको पहिचान र खोप पुरा गरेको विवरणको अभिलेख तथा प्रतिबेदन सूची सहित चुस्तदुरुस्त राख्ने व्यवस्था गर्न गराउनु हुन र खोप रजिष्टर भिडाई विवरण अध्यावधिक गरि DHIS 2 समेत प्रतिबेदन गर्न गराउनु हुन ।

बोधार्थ

श्री स्वास्थ्य निर्देशनालय ७ वटै : आबश्यक सहजीकरण र समन्वयको लागि ।
श्री स्वास्थ्य कार्यालय ७७ वटै : आवश्यक व्यबस्थापन,समन्वय र सहजिकरणको लागि ।

सादर अवगतार्थ

श्रीमान् महानिर्देशकज्यू , स्वास्थ्य सेवा विभाग टेकु काठमाण्डौ ।

डा. विवेक कुमार लाल
निर्देशक